दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

मौसमी फ्लु रोकथामका उपाय।
-बिरामी भएका व्यक्तिसँग भौतिक दुरी कायम गरौं,
-खोक्दा हाच्छिउँ गर्दा मुख र नाक छोपौं।
-शारीरिक रुपमा सक्रिय बनौं र पौष्टिक खाना खाऔं,
-बिरामी हुँदा सम्भव भएसम्म घरमै बसौं।
-समयसमयमा साबुनपानीले हात धुऔं।
-स्यानिटाइजरको प्रयोग गरौं।
-आँखा, नाक, मुख छोइरहने बानी नगरौं।
नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष ३७ | अंक ८२ | बुटवल | २०८१ चैत ०६, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Mar. 19, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## नेपालको सार्वजनिक ऋण २७ खर्ब नजिक

बुटवल। मुलुकको सार्वजनिक ऋण बढेर २७ खर्ब रुपैयाँ नजिक पुगेको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को ८ महिना (साउन-फागुन) मा सार्वजनिक ऋण २६ खर्ब ७६ अर्ब ३ करोड पुगेको छ।

यसलाई नेपालको पछिल्लो जनगणना अनुसार २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ ले भाग लगाउँदा हरेक नेपालीको टाउकोमा ९१ हजार ७ सय ५६ रुपैयाँ बराबर सार्वजनिक ऋण पुगेको छ। यस्तो ऋण व्यक्तिले चुक्ता गर्नु पर्दैन। तर, हरेक नेपालीले तिर्ने करबाटै राज्यले सार्वजनिक ऋण चुक्ता गर्ने गर्छ।

कार्यालयका अनुसार फागुनमा मात्र सार्वजनिक ऋण ६४ अर्ब ९७ करोड रुपैयाँले बढेको छ। माघ मसान्तसम्म सार्वजनिक ऋण २६ खर्ब ११ अर्ब थियो। फागुन मसान्तसम्म आन्तरिक ऋण १३ खर्ब १५ अर्ब ५७ करोड र वाह्य ऋण १३ खर्ब ६० अर्ब ४६ करोड पुगेको छ।

सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादन (जीडीपी) का आधारमा ४६.९१ प्रतिशत नाघेको छ। जीडीपीका आधारमा आन्तरिक ऋण २३.०६ र बाह्य ऋण २३.८५ प्रतिशत पुगेको कार्यालयको तथ्यांक छ।

विज्ञहरू राजस्व प्राप्ति घट्नु र ऋण भार बढ्दै जानु राज्यका लागि जोखिमपूर्ण अवस्था मान्छन्। अब यसमा गम्भीर समीक्षा गर्नुपर्ने अवस्था आएको अर्थविद् तथा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रा. डा. विश्व पौडेल बताउँछन्।

पछिल्ला केही वर्षसार्वजनिक ऋण चार गुणाले बढेको तर राजस्व दोब्बर पनि हुन नसकेको उनले बताए।

सरकारले ऋण लिएर लगानी गरेका पूर्वाधारले उचित प्रतिफल दिन नसकेको भन्दै यसमा अब समीक्षा गर्नुपर्ने अवस्था आएको उनी बताउँछन्।

आन्तरिक स्रोत खुम्चिँदा सरकारले दैनिकी चलाउन समेत ऋणमा भर पर्नु परेको अवस्था छ। सोहीकारण यस वर्ष ८ महिना अवधिमा ३ खर्ब ३४ अर्ब ६२ करोड रुपैयाँ बराबर ऋण उठाइएको छ।

यस अवधिमा सरकारले आन्तरिक ऋण २ खर्ब ६९ अर्ब १५ करोड उठाएको छ। बाह्य ऋण ६४ अर्ब ४६ करोड उठाएको छ। यो अवधिमा सरकारले १ खर्ब ५८ अर्ब ९८ करोड बराबर भुक्तानी समेत गरेको छ।

उता, विनिमय दरमा आएको परिवर्तनका कारण ६६ अर्ब २९ करोड ऋण थपिएको छ। यसले गर्दा गत साउनसम्म २४ खर्ब ३४ अर्ब ९ करोड बराबर रहेको सार्वजनिक ऋण ८ महिनामै २७ खर्ब नजिक पुगेको हो।

» बाँकी ३ पेजमा

# स्ववियू चुनाव : कहाँ कसले जिते ?

**रोल्पामा नेविसंघ,अनेरास्ववियु र अखिल (क्रान्तिकारी) को गठबन्धनलाई पराजित गरी विप्लव नेतृत्वको नेकपा निकट अखिल (समाजवादी) को प्यानल र पुल्चोक इञ्जिनियरिङ क्याम्पसमा प्रमुख तीन दल निकट संगठनलाई पराजित गर्दै स्वतन्त्र उम्मेदवार विजयी भएका छन्।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

रुपन्देहीको कञ्चन गाउँपालिकास्थित हरैया बहुमुखी क्याम्पसमा भएको स्वतन्त्र विद्यार्थी यनियन (स्ववियू) निर्वाचनमा नेवि संघ र अखिल क्रान्तिकारीको पुरै प्यानल विजयी भएको छ।

निर्वाचन अधिकृत रामजी आचार्यका अनुसार अध्यक्ष पदमा नेविसंघ र अखिल क्रान्तिकारीको संयुक्त प्यानलका उम्मेदवार जीवन कुमार धबलले २८५ मत प्राप्त गरेर निर्वाचित हुँदा नेकपा एमाले निकट अनेरास्ववियु र जनमत पार्टी निकट जनमत विद्यार्थी संघको प्यानलका राजेश यादबले १३५ मत प्राप्त गरेका छन्। ५०३ मतदाता रहेको क्याम्पसमा ४२४ मत खसेको थियो।

सचिवमा नेविसंघ-अखिल क्रान्तिकारी प्यानलका मनोज थापा २७२ मत पाएर विजयी हुँदा अनेरास्ववियु र जनमत विद्यार्थी संघको प्यानलका सन्दीप कुर्मीले १४१ मत पाए।

कोषाध्यक्षमा नेविसंघ-अखिल क्रान्तिकारी प्यानलकी अमृता ज्ञवाली २७० मत पाएर निर्वाचित हुँदा अनेरास्ववियु र जनमत विद्यार्थी संघको प्यानलकी स्नेहा विश्वकर्माले १४० मत पाइन्।

सदस्यहरुमा पनि नेविसंघ-अखिल क्रान्तिकारी प्यानलका सबै उम्मेदवार विजयी भएका छन्।

सदस्यहरुमा अशोक थापा,सुमित बि.क.,परमशिला यादब, गुड्डु लोनिया र अश्मी थापा निर्वाचित भएका छन्।

रुपन्देहीकै यज्ञोदय दूधनाथ थारु बहुमुखी क्याम्पस फर्साटिकरमा एमाले निकट अनेरास्ववियू नेतृत्वको संयुक्त प्यानललाई पराजित गर्दै नेविसंघ विजयी भएको छ।

अध्यक्षमा आदेश राना, सचिवमा रम्भा थारु, कोषाध्यक्ष माधव कुमार कँडेल निर्वाचित भएका निर्वाचन समितिले जनाएको छ।



रुपन्देहीमा त्रिविका दुई मुख्य आंगिक क्याम्पसहित ८ वटामा विवादका कारण निर्वाचन स्थगित भएका छन्। रुपन्देहीमा रहेका १२ वटा क्याम्पसहरुमध्ये यस्तो विवादमा कारण ८ वटा क्याम्पसमा निर्वाचन प्रक्रिया रोकिएको हो। विद्यार्थी संगठनहरुबिच विवाद र तालाबन्दीले आठ वटामा क्याम्पसमा निर्वाचन नै रोकिएको हो।

उम्मेदवारी दर्ताकै क्रममा देवदह आदर्श बहुमुखी क्याम्पस देवदहमा भने स्ववियुको सिंगो कमिटी नै निर्विरोध निर्वाचित भइसकेको छ। रुपन्देहीमा लुम्बिनी क्षेत्रमै धेरै विद्यार्थी भएको त्रिविको आंगिक क्याम्पस बुटवल बहुमुखी क्याम्पस, भैरहवा बहुमुखी क्याम्पस, पक्लिहवा कृषि क्याम्पस र सम्बन्धन पाएका लुम्बिनी वाणिज्य क्याम्पस, सिद्धार्थ गौतमबुद्ध क्याम्पस, राममणि बहुमुखी क्याम्पस, लीलाराम बहुमुखी क्याम्पस, सरस्वती संस्कृत विद्यापीठ क्याम्पसमा निर्वाचन रोकिएको हो।

रोल्पा नमूना क्याम्पस रोल्पामा नेविसंघ ,अनेरास्ववियु र अखिल (क्रान्तिकारी) को गठबन्धनलाई पराजित गरी विप्लव नेतृत्वको नेकपा निकट अखिल (समाजवादी)को प्यानलनै अत्यधिक मतसहित विजयी भएको छ।

» बाँकी ३ पेजमा

## भारतबाट कुखुरा र माछाको आयात रोक्नुपर्नेमा जोड




**लुम्बिनी संवाददाता**
*बुटवल*

मासु व्यवसायी संघ नेपाल, रुपन्देहीको २०औं स्थापना दिवस तथा चौधौं वार्षिक साधारणसभा मंगलबार सम्पन्न भएको छ।

साधारणसभाको उद्घाटन गर्दै बुटवल उप-महानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेयले देशभित्रै उत्पादन भएको मासुजन्य पदार्थको प्रयोगलाई प्राथमिकता दिनुपर्ने बताए। भारतबाट कुखुरा र माछाको अवैध आयात हुँदा यहाँका व्यवसायी मारमा परेको भन्दै उनले सबै मिलेर अवैध आयात रोक्नुपर्नेमा जोड दिए। आधुनिक पशु बधशाला सञ्चालनका लागि उपमहानगरपालिका लचिलो बन्न तयार रहेको उनले बताए। नगर प्रमुख पाण्डेयले बंगुर पालनमा लागेका किसानहरुले विभिन्न रोगका कारण नोक्सानी व्यहोरीरहेको अवस्थामा पशुबिमा जरुरी रहेको बताए।

मासुजन्य व्यवसायलाई व्यवस्थित गर्ने स्पष्ट खाका ल्याउन आग्रह गर्दै उनले मासु व्यवसायीहरुका समस्या समाधानका लागि बुटवल उप-महानगर छलफलका लागि तयार रहेको बताए। मासु व्यवसायीहरुले उपभोक्ताको हितमा ध्यान दिन आग्रह गर्दै नगर प्रमुख पाण्डेयले साना मासु व्यवसायीहरुलाई संरक्षण गर्न उपमहानगरपालिकाले ३० लाख बजेट छुट्ट्याएको जनाए।

कार्यक्रममा लुम्बिनी प्रदेशका मुख्य न्यायाधिवक्ता तथा मासु व्यवसायी संघ रुपन्देहीका कानुनी सल्लाहकार यमलाल खनालले कानुन परिमार्जन गरी मासु व्यवसायीलाई सहभागी गराएर बधशाला सञ्चालनको वातावरण तयार गर्नुपर्ने बताए। साना व्यवसायीहरु पलायन भइरहेको अवस्थामा उपभोक्ता र व्यवसायीहरुको हितका लागि लागि आवश्यक सहजीकरण गर्न तयार रहेको उनले बताए।

यस्तै उपभोक्ता हित संरक्षण मञ्च लुम्बिनी प्रदेशका अध्यक्ष तेजकुमार पाठकले उपभोक्तालाई स्वस्थ र गुणस्तरीय मासु उपलब्ध गराउनुपर्ने बताउँदै खाद्य बस्तुमा हुने मिसावट रोक्नुपर्नेमा जोड दिए। बुटवल उद्योग वाणिज्य संघका उपाध्यक्ष विमलराज भट्टराईले उप-महानगरपालिकाले आर्थिक ऐन विपरीत साइन बोर्ड करको नाममा गैर कानुनी आतङ्क मच्चाएको बताए। उपमहानगरको नेतृत्वले ठेकेदारलाई ६० स्क्वायर फुटसम्मको बोर्डको कर नलिन निर्देशन दिन आग्रह गरे।

कार्यक्रममा मासु व्यवसायी संघ रुपन्देहीका अध्यक्ष विशाल थापाले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आगामी योजना र कार्यक्रमहरुबारे जानकारी गराए। खुला सीमानाबाट अवैधरुपमा भित्राइने कुखुरा, खसी बोका र माछालाई नियन्त्रण गर्न नसक्दा यहाँका मासु व्यवसायी र मासुजन्य कृषि उत्पादनमा लागेका किसानहरु मारमा परेको उनले जनाए। बधशाला सञ्चालनको सन्दर्भमा देखिएको अन्योल र व्यवसायी तथा तथा बुटवल उपमहानगरपालिकाबिच बढेको विवाद अन्त्य भइसकेको उनले बताए। सीमित व्यवसायीको संलग्नतामा २० हजार संख्यामा बोइलर पालन व्यवसाय अघि बढेको बताउँदै अध्यक्ष थापाले आगामी दिनमा कुखुरा पालन, बाख्रा पालन, बंगुर पालन, भैंसी पालन र माछा पालनमा आबद्ध व्यवसायीहरुलाई सहभागी गराई आयआर्जन सँगै राष्ट्रिय आयमा समेत टेवा पुऱ्याउने लक्ष्य लक्ष्य लिएको बताए।

कार्यक्रममा बुटवल उप-महानगरपालिका पशुपंक्षी शाखा प्रमुख झविन्द्र बन्जाडे, कुखुरा पालक किसान संघ रुपन्देहीका अध्यक्ष ऋषिराम काफ्ले, होटल तथा रेष्टुरेन्ट व्यवसायी संघ रुपन्देहीका अध्यक्ष लेखनाथ भण्डारी, घरबहाल सरोकार संघ रुपन्देहीका अध्यक्ष राजु लिगललगायतले आ-आफ्नो भनाइ राखेका थिए। कार्यक्रममा विभिन्न व्यवसायीहरुलाई सम्मान गरीएको थियो। संघका उपाध्यक्ष गोपाल क्षेत्रीको स्वागत तथा महाससचिव थानिश्वर सुवेदीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।



# सम्पादकीय

## रात्रिकालीन व्यवसाय

रूपन्देहीका प्रमुख शहर बुटवल र भैरहवासहितका क्षेत्रमा रात्रिकालीन व्यवसाय चलाउन भइरहेको पहल सकारात्मक ढंगले अघि बढेको छ। रूपन्देही पर्यटकीय हव हो। शान्तिका अग्रदुत गौतमबुद्धको जन्मस्थल लुम्बिनी रहेको रूपन्देही मुलुकको अर्थतन्त्रको मेरूदण्ड हो। बुटवल तराई र पहाड तथा पूर्व–पश्चिम जोड्ने ट्राञ्जिट पनि हो। यहाँको अर्थतन्त्रलाई चलायमान बनाउन पनि रात्रिकालीन व्यवसाय सञ्चालन अनिवार्य छ।

तिलोत्तमा, सैनामैना, बुटवल र सिद्धार्थनगरका प्रमुखसहित होटल तथा रेष्टुरेण्ट व्यवसायीले रात्रिकालीन बजार सञ्चालन गर्न प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराएका छन्। प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले मापदण्ड पूरा भएको भए रात्रिकालीन बजार सञ्चालन गर्न सकिने धारणा राखेका छन्। अहिले राति १० बजेपछि होटल तथा रेष्टुरेण्ट बन्द गर्न बाध्य छन्, व्यवसायी। बन्द नगरे प्रहरीले बन्द गराइदिने र अटेर गरे व्यवसायीलाई पक्राउसम्म गर्दै आएकाले व्यवसायीले रात्रिकालीन बजार सुनिश्चिताको खोजी गरेका हुन्। उनीहरुले स्थानीय तहको पनि साथ लिएर प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराएर प्रक्रियागत ढंगले अघि बढेका छन्। रात्रिकालीन बजार चलाउन व्यवसायीलाई प्रहरी र प्रशासनको मात्रै नभएर स्थानीय तहको पनि साथ आवश्यक हुन्छ। व्यवसायी, प्रहरी-प्रशासन र स्थानीय तहको संयोजनले चल्ने बजारलाई उपभोक्ताको पनि सकारात्मक सहयोग हुनुपर्छ। रात्रिकालीन बजारले यहाँको बजार चलायमान हुने भएकाले यहाँको अर्थतन्त्र सुधार हुन सघाउ पुऱ्याउने छ। आर्थिक मन्दीको मारमा अहिले बजार सुस्त छ। व्यवसायीहरुले धमाधम पसल बन्द गर्दै पलायन हुने जोखिम बढिरहेका बेला रात्रिकालीन व्यवसाय चलाउन सक्दा आन्तरिक र बाहय पर्यटक यहाँ आकर्षित गर्न सकिन्छ। बुटवल र भैरहवाको होटल रेष्टुरेण्टमा पछिल्ला वर्ष सीमावर्ती भारतीय शहरका नागरिकको आगमन बढेको छ। रात्रिकालीन बजार चल्न सके अझैं आगमन बढ्ने निश्चित छ।

रात्रिकालीन व्यवसाय सुरु गर्दा कुनै निश्चित ठाउँलाई नमूनाको रूपमा अघि बढाउन सकिन्छ। एकैपल्ट ठूलो क्षेत्रमा रात्रिकालीन बजार चलाउँदा समस्या हुनसक्छ। निश्चित ठाउँमा चलाएर व्यवस्थापन गर्ने क्रममा प्राप्त अनुभवका आधारमा विस्तार गर्दै जान सकिन्छ। बुटवल र भैरहवाको निश्चित क्षेत्रमा सुरु गरेर क्षेत्र विस्तार गर्दै अघि बढ्दा सुरक्षा व्यवस्थापनमा सहज हुनसक्छ। बजार सुरु गर्दा मापदण्ड पालना गर्ने प्रतिबद्धता गर्ने, तर चलाइसकेपछि मापदण्डको पालना नगर्ने प्रवृत्ति पनि व्यवसायीमा देखिन्छ। त्यस्तो प्रवृत्तिले स्वंय व्यवसायीलाई राम्रो गर्दैन।

# समृद्धिका लागि विज्ञान प्रविधि



प्रा.डा. दिलिप सुब्बा

> पूर्वसूचना प्रणालीको स्थापनालाई पनि महत्व दिइएको छ। उत्कृष्टस्तरको अनुसन्धानको लागि सबल र उत्कृष्ट प्रयोगशालाको निर्माण तथा उत्कृष्ट अन्तरराष्ट्रिय प्रयोगशाला एवं वैज्ञानिकहरुसँग सहकार्य गर्ने, प्रविधि नवप्रवर्तन प्रसार र स्थानान्तरणको लागि प्राविधिक भवनको निर्माण, प्रदेशहरुको विशेषताअनुरुप त्यहाँ स्थापित अनुसन्धान केन्द्रहरुको सुदृढीकरण र क्षमता विकास, वैज्ञानिकहरुको क्षमता विकास गर्ने योजना रहेको छ।

विज्ञानको प्रभावकारी प्रयोगले मात्रै कुनै पनि राष्ट्रलाई दिगो विकास र समृद्धिको मार्गतर्फ डोहोऱ्याउन सक्छ। वैज्ञानिक अनुसन्धान, प्रविधिको नवप्रवर्तन र शिक्षामा लगानी गरी समाजलाई आधुनिक, आत्मनिर्भर र दिगो रूपमा विकास गराउन सकिन्छ। विज्ञान बिना समृद्धि सम्भव छैन भन्ने तथ्य विश्वका विकसित र विकासशील राष्ट्रहरुको प्रगतिबाट प्रष्ट हुन्छ। नेपालजस्तो विकासोन्मुख देशको आर्थिक, सामाजिक र दिगो विकासका लागि भने विज्ञान र प्रविधिको भूमिका अत्यन्त महत्वपूर्ण छ। वैज्ञानिक अनुसन्धान, नवीन प्रविधि र डिजिटल रूपान्तरणले नेपालको समृद्धि, पूर्वाधार विकास, स्वास्थ्य सेवा सुधार, कृषि उत्पादकत्व वृद्धि र वातावरणीय सन्तुलनजस्ता क्षेत्रमा ठूलो योगदान दिन सक्छ। विज्ञान र प्रविधिको प्रभावकारी प्रयोगले मुलुकको समृद्धि, औद्योगीकरण तथा दिगो विकासको मार्ग खोल्न सक्छ। सरकारले वैज्ञानिक अनुसन्धान, प्रविधिमा लगानी र प्रविधिमा आधारित नीति निर्माणलाई प्राथमिकता दिएमा नेपाललाई आधुनिक र आत्मनिर्भर राष्ट्र बनाउन सकिन्छ। विज्ञान प्रविधि नेपालको उज्ज्वल भविष्यको आधारस्तम्भ हो।

राष्ट्रको सर्वाङ्गीण विकासका लागि विज्ञान तथा प्रविधिको विकास र उपयोगको महत्वपूर्ण भूमिका रहन्छ। विश्वमा विकसित राष्ट्रहरुको विकासको मूल आधार नै समयसापेक्ष प्रविधिको विकास रहेको पाइन्छ। जहाँ विज्ञान र प्रविधिको विकास, प्रवरन र उपयोग भएको छ, त्यहाँको विकासको दर उच्च रहेको छ। तथापि, नेपालमा समयसापेक्ष र जनताको समस्या समाधान गर्न सक्ने किसिमले विज्ञान र प्रविधिको विकास र प्रयोग हुन सकिरहेको छैन। नेपालको संविधानले विज्ञान तथा प्रविधिलाई देशको विकाससँग आवद्ध गर्दै वैज्ञानिक अनुसन्धान एवं विज्ञान र प्रविधिको आविस्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने नीति आत्मसात् गरेको छ।

सरकारले विज्ञान, प्रविधि र नवप्रवर्तन नीतिमार्फत् वैज्ञानिक अनुसन्धान, प्रविधिको विकास र नवप्रवर्तनलाई दिगो विकासको प्रमुख आधारका रूपमा अघि बढाउने लक्ष्य राखेको छ। नेपालमा विज्ञान र प्रविधिसम्बन्धी नीति पहिलो पटक २०४४ सालमा ल्याइएको थियो। त्यसपछि समयानुसार यसमा संशोधन हुँदै आएको छ। पछिल्लो विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले वैज्ञानिक सोच, अनुसन्धान, प्रविधि हस्तान्तरण, तथा नवप्रवर्तनलाई प्राथमिकता दिएको छ। यस नीतिले समेत तथ्यमा आधारित अनुसन्धानमा जोड दिँदै जनचेतना अभिवृद्धि गर्ने र समाजमा विद्यमान अन्धविश्वास र कुरुतीलाई निर्मूल गर्ने रणनीति निर्धारण गरेको छ। यस नीतिले विज्ञान तथा प्रविधिका प्रायः सबै विधाहरुलाई समेट्ने प्रयास गरेको छ। कृतिम बौद्धिकता (एआई), नानो प्रविधि, वायो प्रविधि, परमाणु विज्ञान, इञ्जिनियरिङको अधिकतम उपयोग गरी औद्योगिक उत्पादकत्व वृद्धि, उचित व्यवसायीकरण, दिगो पूर्वाधार विकास, जैविक तथा खनिज स्रोतको उपयोग, वातावरण, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण र सुशासन सेवा प्रवाह, साइवर तथा राष्ट्रिय सुरक्षालाई नीतिमा प्राथमिकता क्षेत्रको रुपमा लिइएको छ।

विज्ञान, प्रविधि र नवप्रवर्तनलाई समृद्ध नेपालको निर्माणका लागि प्रमुख आधारका रूपमा लिइएको छ। सोह्रौं पञ्चवर्षीय योजनामा योजनाले वैज्ञानिक अनुसन्धान, सूचना प्रविधि र नवप्रवर्तनलाई प्रवर्द्धन गरी दिगो आर्थिक विकास गर्ने लक्ष्य राखेको छ। यस योजनामा विज्ञान प्रविधिसम्बन्धी मुख्य रणनीति र लक्ष्यहरूमा सूचना प्रविधिको विकास, अनुसन्धान तथा नवप्रवर्तन प्रवर्द्धन, कृषि तथा खाद्य सुरक्षामा विज्ञान प्रविधिको प्रयोग, स्वास्थ्य क्षेत्रमा प्रविधिको विस्तार, पूर्वाधार तथा ऊर्जा प्रविधिको प्रयोग, वातावरण तथा जलवायु परिवर्तन न्यूनीकरणका विषयहरुलाई समावेश गरिएको छ।

**नास्टको भूमिका**

नेपालमा विज्ञान र प्रविधि क्षेत्रका कार्य गर्ने सर्वोच्च निकाय नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नाष्ट)ले स्थापनादेखि निरन्तर रुपमा समाजमा वैज्ञानिक चेतना अभिवृद्धि गर्ने, जनतालाई वैज्ञानिक ज्ञानद्वारा सू-सुचित पार्ने र तथ्यमा आधारित जानकारी प्रदान गर्ने कार्य गर्दै आएको छ। विज्ञान र प्रविधि क्षेत्र अन्तरसम्बन्धित विषयवस्तु भएकाले एकल संस्थाभन्दा संस्थाहरुबिच सहकार्य र समन्वयबाट उद्देश्य प्राप्तिमा प्रभावकारी हुन सक्दछ।

प्रदेशस्तरबाट पनि विज्ञान तथा प्रविधिलाई प्रवर्द्धन गर्न विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउन प्रारम्भ भइसकेको छ। नेपाली मौलिक प्रविधिलाई समयसापेक्ष परिमार्जन एवं जनोपयोगी बनाउन आवश्यक प्रक्रिया बढाइसकिएको छ।

नास्टले यसै वर्ष विज्ञान प्रविधि सूचना प्रणाली केन्द्रको स्थापना गरी विज्ञान प्रविधिको सम्पूर्ण सूचनालाई भण्डारण गरी उपयोगमा जोड दिएको छ। वार्षिक कार्यक्रमका लागि तय गरेका विभिन्न अनुसन्धान तथा विज्ञान प्रविधिका प्रवर्तनात्मक कार्यक्रमलाई निरन्तरता दिइएको छ। यसको लागि विभिन्न विषयगत वैज्ञानिक उपसमितिहरुलाई क्रियाशिल बनाइएको छ। चालु आर्थिक वर्षमा सातवटै प्रदेशमा विशिष्टीकृत अनुसन्धान केन्द्रको स्थापनाको कामलाई पूर्णता दिई जनशक्तिको व्यवस्था गरेर विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको छ।

संरचना एवं पूर्वाधार विकासतर्फ बितेको आर्थिक वर्षमा बायोमेडिकल रिसर्च ल्याबको निर्माण कार्य सम्पन्न भएको छ भने हाल 'सेकेण्डरी स्टयान्डर्ड डोसिमेट्री ल्याबरेटोरी'को निर्माण कार्य सम्पन्न हुने प्रक्रियामा रहेको छ। विदेशी वैज्ञानिक संस्थाहरुसँगको सम्बन्ध र सहकार्यलाई अघि बढाउने काम भएको छ। सन् १९९० देखि इटालीको वैज्ञानिक संस्थासँग मिलेर लोबुचेस्थित पिरामिड ल्याबको प्रयोग गर्दै उच्च धरातलीय अनुसन्धान कार्य गर्दै आएकामा सन् २०१५ देखि सो कार्य अवरुद्ध भएकाले त्यसलाई सूचारु गर्ने व्यवस्था मिलाइएको छ। सन् २०१९ मा जापानको वैज्ञानिक संस्था क्युटेकसँगको सहकार्यमा नास्टले नेपालकै प्रथम न्यानो स्याटलाइट (नेपाल स्याट १) अन्तरिक्षमा प्रक्षेपण गरेको थियो। त्यस्तै सन् २०२४ मा भारतको अन्तरिक्ष अनुसन्धान संस्था 'आएएसआरओ'सँग दोस्रो न्यानो स्याटलाइट (मुनाल) चाँडै प्रक्षेपण गर्ने सहमतिपत्रमा हस्ताक्षर भएको छ। भारतको राष्ट्रिय वैज्ञानिक तथा औद्योगिक अनुसन्धान संस्था 'सिएसआइआर'सँग विज्ञान तथा औद्योगिक अनुसन्धानका बृहत् विषयमा सहयोग र सहकार्य निम्ति समझदारी पत्रमा हस्ताक्षर गरिएको छ। यस संस्थासँगको संयुक्त कार्यक्रम तथा प्रविधि हस्तान्तरणबाट नेपाललाई धेरै फाइदा पुग्ने अपेक्षा गरिएको छ।

यस वर्ष जापानको वैज्ञानिक संस्था 'सिएसआइएस'सँग ग्लोबल नेभिगेसन स्याटलाइट सिष्टम (जिएनएसएस) प्रणालीलाई नेपालमा प्राकृतिक प्रकोप, आपत्कालीन समस्या पहिचान, यातायात प्रणाली, भूमि व्यवस्थापनजस्ता क्षेत्रहरुमा उपयोग गर्ने गरी समझौता गर्ने काम अघि बढेको छ।

यसैगरी स्थानीय संस्थाहरुसँग सहकार्य गर्ने काम अघि बढिरहेको छ। राष्ट्रिय प्रकृति संरक्षण कोषसँग प्रकृति संरक्षण विषयमा सहकार्य गर्न समझदारी पत्रमा हस्ताक्षर गरिएको छ भने उद्योग वाणिज्य महासङ्घसँग सहयोग र सहकार्यको लागि छलफल सुरु भएको छ। विज्ञान तथा प्रविधिको प्रयोग स्वस्थ र सुखी जीवन तथा राष्ट्रिय समृद्धिको प्राप्तिको लागि हुनुपर्दछ। यसको निमित्त राम्रो विज्ञान शिक्षा, अनुसन्धान, प्रविधि नवप्रवर्तन आधारभूत आवश्यकता हो। जनताको जीवनस्तर वृद्धि र देशको समृद्धिको निमित्त विज्ञान र प्रविधिको भूमिकालाई सशक्त बनाउने, वस्तुनिष्ठ र ठोस परिणाममुखी कार्यक्रम सञ्चालन गरी नाष्टको प्रतिष्ठामा वृद्धि गरी नाष्टलाई विश्वस्तरीय अनुसन्धान केन्द्रका रुपमा विकास गर्नुपर्ने हुन्छ। भावी योजना निर्माण गर्दा सरकारको चालु आवधिक योजना तथा वार्षिक नीति तथा कार्यक्रम, विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, दिगो विकासका लक्ष्यलाई मार्गनिर्देशक मानिनेछ। योजना तयार गर्दा नास्टका विषयगत वैज्ञानिक उप-समितिहरु, नास्टबाट आयोजना गरिएका सम्मेलन, गोष्ठी, छलफलका प्रतिवेदन, अन्तर्राष्ट्रिय वैज्ञानिक संस्थासँगको सहकार्य गर्ने समझदारी, विभिन्न मन्त्रालय एवं राष्ट्रिय संस्थाहरुसँग भएका समझदारी र सम्झौता, राष्ट्रिय योजना आयोगसँगको परामर्श, प्राज्ञसभाको सल्लाह सुझावलाई आत्मसात गरिएको छ।

योजनाको कार्यदिशा उत्पादन वृद्धि तथा उद्यमशीलताको विकासमा सहयोग पुऱ्याउने नवीन प्रविधिहरुको विकास, अनुसन्धानलाई औद्योगिक उत्पादनसँग जोड्ने, विज्ञान शिक्षण आधुनिकीकरण, विज्ञान, गणित, इञ्जिनियरिङ विधामा उच्च अध्ययन गरेका जनशक्तिको संख्यामा उल्लेख्य वृद्धि गर्न सहयोग गर्नु, भौतिकशास्त्र, रसायनशास्त्र र जीवशास्त्र वा फिजियोलोजी विधामा उत्कृष्ट स्तरको अनुसन्धान हुने वातावरण तयार गर्नु नास्टको लक्ष्य रहेको छ। त्यस्तै विज्ञान प्रविधिको राष्ट्रिय सूचना प्रणाली विकास गर्न युवा वैज्ञानिकहरुलाई अनुसन्धान तथा नवप्रवर्तनको पर्याप्त अवसर प्रदान गर्नु, परम्परागत प्रविधिको प्रवर्द्धन, प्रादेशिक अनुसन्धान केन्द्रहरूको प्रभावकारी सञ्चालन, बाञ्छित भौतिक संरचनाको निर्माणतर्फ लक्षित रहेको छ।

ती योजनाअन्तर्गतका कार्यक्रमलाई कृषि र खाद्य उत्पादन, स्वास्थ्य, विज्ञान शिक्षा, ऊर्जा, वन पैदावार, जलस्रोत, भौतिक पूर्वाधार, सूचना प्रविधि, औद्योगिक उत्पादन, वातावरण, जलवायु परिवर्तन एवं प्राकृतिक प्रकोपका क्षेत्रहरुमा सञ्चालन गर्ने धारणा रहेको छ। अन्तरिक्ष प्रविधि र उच्च धरातलीय अनुसन्धान तथा भूकम्प पूर्वसूचना प्रणालीको स्थापनालाई पनि महत्व दिइएको छ। उत्कृष्टस्तरको अनुसन्धानको लागि सबल र उत्कृष्ट प्रयोगशालाको निर्माण तथा उत्कृष्ट अन्तरराष्ट्रिय प्रयोगशाला एवं वैज्ञानिकहरुसँग सहकार्य गर्ने, प्रविधि नवप्रवर्तन प्रसार र स्थानान्तरणको लागि प्राविधिक भवनको निर्माण, प्रदेशहरुको विशेषताअनुरुप त्यहाँ स्थापित अनुसन्धान केन्द्रहरुको सुदृढीकरण र क्षमता विकास, वैज्ञानिकहरुको क्षमता विकास गर्ने योजना रहेको छ। यी सबै कार्यमा तीनै तहका सरकार, वैज्ञानिक समुदाय र आम नागरिकको सहयोग, सहकार्य र सद्भावको खाँचो पर्दछ।

घटना र विचारबाट

# नेप्सेमा सात दशमलव ६६ अङ्कले गिरावट



काठमाडौं। यो साताको कारोबारको लगातार तेस्रो दिन मंगलबार पनि नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा गिरावट देखिएको छ। अघिल्लो साता पनि लगातार घटेर नेप्से परिसूचक अन्तिम कारोबार दिन केही अङ्कले बढेको थियो। तर यो साता कारोबारका सबै दिन पुनः परिसूचक ओरालो लागेको छ।

नेप्से परिसूचक सात दशमलव ६६ अङ्कले घटेर दुई हजार छ सय ९७ दशमलव ०४ को बिन्दुमा कायम भएको छ। तीन सय १३ कम्पनीको ८२ लाख ३७ हजार नौ सय दुई कित्ता शेयर ५० हजार आठ सय ३४ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ३४ करोड ६६ लाख ३२ हजार बराबरको कारोबार भएको हो।

कारोबारमा अन्य समूहको उपसूचक शून्य दशमलव ११ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। बैंकिङ समूह शून्य दशमलव १४, विकास बैंक शून्य दशमलव ४२, वित्त शून्य दशमलव १७, होटल तथा पर्यटन शून्य दशमलव ३६, जलविद्युत् शून्य दशमलव १७, लगानी शून्य दशमलव ४२ र जीवन बिमा समूह शून्य दशमलव ७० प्रतिशतले घटेको हो। त्यसैगरी, उत्पादन तथा प्रशोधन शून्य दशमलव २३, लघुवित्त शून्य दशमलव ३१, म्युचुअल फन्ड शून्य दशमलव ३७, निर्जीवन बिमा शून्य दशमलव ५४ र व्यापार समूह शून्य दशमलव ६६ प्रतिशतले घटेको छ।

कारोबारमा मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९६ र प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य आठ दशमलव २१ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ३२ करोड ११ लाख १७ हजार आठ सय ९२ बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर संख्याका आधारमासबैभन्दा धेरै घलेम्दी हाईड्रो लिमिटेडको सात लाख ६८ हजार पाँच सय ४३ कित्ता शेयर किनबेच भएको छ।

# कब्जियतको समस्या र समाधान

डा. अरुण कुमार सिंह



स्वस्थ शरीरका लागि राम्रो पाचन प्रणाली आवश्यक छ, जसको सुरुवात सही रूपमा बिहान पेट सफा हुनुसँग जोडिएको हुन्छ। तर, पछिल्लो समय बच्चादेखि वृद्धसम्म कब्जियत (कन्स्टिपेशन) को समस्या देखिन थालेको छ। पेट सफा नहुनु सामान्य समस्या जस्तो लागे पनि, यदि लामो समयसम्म रहिरह्यो भने गम्भीर स्वास्थ्य समस्या निम्त्याउन सक्छ। कब्जियतका कारण पेटमा ग्यास, एसिडिटी, अपच, पेट फुल्ने, टाउको दुख्ने र शरीरमा थकान अनुभव हुनसक्छ।

**कब्जियत के हो ?**

जब नियमित रूपमा दिसा गर्न गाह्रो हुन्छ, मल सुक्खा र कडा हुन्छ, र पेट सफा हुन समय लाग्छ भने त्यसलाई कब्जियत भनिन्छ। साधारणतया, एक व्यक्तिले हप्तामा तीन पटकभन्दा कम दिसा गरेको अवस्था कब्जियतको संकेत हो।

कब्जियत हल्कादेखि गम्भीर हुनसक्छ। कहिलेकाहीँ खानपान परिवर्तन गर्दा कब्ज हुन्छ, तर यदि यो लामो समयसम्म रह्यो भने गम्भीर स्वास्थ्य समस्या निम्त्याउन सक्छ। दीर्घकालीन कब्जियतले हेमोराइड्स (बवासीर), एनल फिसर (गुदद्वार चिरिने समस्या), र इर्रिटेबल बाउल सिन्ड्रोम (IBS) को सम्भावना बढाउँछ।

**किन हुन्छ कब्जियत ?**

१) **फाइबरयुक्त खाना नखाने**

खानामा फाइबरको मात्रा कम हुँदा कब्जको समस्या निम्तिन्छ। फाइबरले पानी सोस्न मद्दत गर्छ, जसले मललाई नरम बनाउँछ र सजिलै निस्कन मद्दत गर्छ।

२) **कम पानी पिउनु**

शरीरमा पानीको कमी (डिहाइड्रेसन) हुँदा मल सुक्खा र कडा बन्छ, जसले गर्दा दिसा गर्न गाह्रो हुन्छ।

३) **दिसा रोक्ने बानी**

धेरै मानिसहरू व्यस्त जीवनशैलीका कारण दिसा रोक्ने गर्छन्। तर, बारम्बार दिसा रोक्दा मल सुक्दै जान्छ र कब्जको समस्या बढ्छ।

४) **अनियमित जीवनशैली**

व्यायामको कमी, अनियमित खानपान, राति अबेरसम्म जाग्ने, र मानसिक तनावले पनि पाचन प्रणालीमा असर गर्छ।

५) **इर्रिटेबल बाउल सिन्ड्रोम (IBS)**

आइबीएसबाट पीडित मानिसहरूलाई कब्ज, ग्यास, पेट फुल्ने, र पेट दुख्ने समस्या हुन्छ।

६) **औषधिहरूको असर**

केही औषधिहरूले पनि कब्ज निम्त्याउन सक्छन्, जस्तै- दर्द कम गर्ने औषधि (**painkillers**), एण्टिडिप्रेसन्ट, र उच्च रक्तचाप नियन्त्रण गर्ने औषधिहरू।

**कब्जियतको समस्या समाधान कसरी गर्ने ?**

१) **खानामा फाइबरको मात्रा बढाउने**

फाइबरयुक्त खाना जस्तै- गहुँको पिठो, हरियो सागसब्जी, स्याउ, केरा, गाजर, चना, भटमास, अलैंची आदि खानुपर्छ।

२) **प्रशस्त पानी पिउने**

दिनभरमा कम्तीमा ८-१० गिलास पानी पिउनुपर्छ। बिहान उठ्नेबित्तिकै मनतातो पानी पिउनाले कब्ज कम हुन्छ।

३) **नियमित व्यायाम गर्ने**

दैनिक रूपमा हल्का व्यायाम, योग वा पैदल हिँड्नाले पाचन प्रणाली राम्रो हुन्छ।

४) **समयमै दिसा गर्ने बानी बसाल्ने**

दिसा रोक्ने बानीले कब्ज निम्त्याउँछ। बिहान उठ्नेबित्तिकै वा नियमित समयमा दिसा जाने बानी बसाल्नुपर्छ।

५) **तनाव कम गर्ने**

धेरै तनाव लिने मानिसहरूमा कब्जको समस्या बढी देखिन्छ। ध्यान, योग, वा ध्यान केन्द्रित गर्ने अभ्यास गर्नाले मानसिक शान्ति मिल्छ।

**निष्कर्ष**

हरेक बिहान पेट सफा हुनु स्वस्थ जीवनका लागि आवश्यक छ। यदि लामो समयसम्म कब्जको समस्या रह्यो भने, चिकित्सकको सल्लाह लिनु उचित हुन्छ। खानपान, जीवनशैली र पानीको मात्रा सुधार गरेमा यो समस्या समाधान गर्न सकिन्छ। स्वस्थ जीवनशैली अपनाएर कब्जको समस्या टारौं र स्वस्थ रहौं!

स्वास्थ्य खबरबाट



**तरकारी खेती:**
घोराही उप-महानगरपालिका -१८ काभ्राखोलाका किसानले गरेको व्यावसायिक तरकारी खेती । यहाँ पानीको सुविधा भएकाले धेरै जसो किसानले व्यावसायिक तरकारी खेती गरेर प्रशस्त आम्दानी गर्ने गरेका छन् । तस्विरः रञ्जिता अधिकारी/ रासस

# मुख्यमन्त्री कप पुरुष भलिबल सुरु

अर्घाखाँची । लुम्बिनी प्रदेशस्तरीय मुख्यमन्त्री कप पुरुष भलिबल प्रतियोगिता अर्घाखाँचीमा सुरु भएको छ। सन्धिखर्कस्थित टुँडिखेलमा मंगलबारदेखि लुम्बिनी प्रदेशस्तरीय मुख्यमन्त्री कप पुरुष भलिबल प्रतियोगिता सुरु भएको हो ।

प्रतियोगिताको उद्घाटन लुम्बिनी प्रदेशका कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले गरेका हुन् । प्रतियोगिता उद्घाटन हुनुअघि बाजागाजासहित झाँकी र र्‍याली निकालिएको थियो । चैत ८ गते प्रतियोगिताको समापन गरिने छ।

प्रतियोगितामा ११ जिल्लाका खेलाडी भाग लिएका छन् । भलिबल खेलमा प्रथम हुनेलाई १ लाख नगद ट्रफी र मेडल, त्यस्तै द्वितीय पुरस्कार ६५ हजार, तृतीय पुरस्कार ३५ हजार, सान्त्वना पुरस्कार १५ हजार दिइने प्रदेश खेलकुद परिषद् लुम्बिनीले जनाएको छ।

सर्वोत्कृष्ट खेलाडीलाई नगद १० हजार र उत्कृष्ट ६ विधामा जनही ५ हजार रुपैयाँ दिइने प्रदेश खेलकुद परिषद लुम्बिनीका सदस्य सचिव तिरणराज गौतमले जनाए।

# स्वर्गद्वारी गुठीपीडितको समस्या समाधान गर्ने प्रतिबद्धता



काठमाडौँ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले 'गुठी संस्थान ऐन, २०३३' संशोधन गरेरै भए पनि 'स्वर्गद्वारी गुठीपीडित किसान' को समस्या समाधान गर्ने प्रतिबद्धता गरेका छन् ।

प्रतिनिधिसभाको 'कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति' को मंगलबारको बैठकमा सांसदहरुले राखेको जिज्ञासाको जवाफ दिँदै उनले सो ऐन संशोधनका निम्ति 'ड्राफ्ट' भइसकेको बताएका हुन् ।

उनले भने-"स्वर्गद्वारी गुठीलगायत भूमिसँग सम्बन्धित समस्या समाधानका निम्ति भूमिसम्बन्धी अध्यादेश ल्याएको हो, तर संसद्मा पेस गर्ने वतावरण भएन, अब हामीले गुठी ऐनका बुँदाहरु संशोधन गरेर गुठीपीडितको समस्या समाधान गर्ने पक्षमा छौँ ।"

जतिसक्दो चाँडो गुठी विधेयक ल्याउनुपर्ने र किसानले जोतभोग गरेको जग्गाको स्वामित्व पाउनुपर्ने, गुठी जग्गा 'रैकर' गरी किसानलाई जग्गाधनी प्रमाण पुर्जा दिनुपर्ने, जोताहाका नाममा दर्ता हुन बाँकी जग्गाको स्रेस्ता कायम गरी रैकर पुर्जा उपलब्ध गराउनुपर्नेलगायतका माग राख्दै 'गुठीपीडित किसान सङ्घर्ष समिति' को नेतृत्वमा स्वर्गद्वारी गुठीपीडित मोही किसानहरूले गत माघ २० गतेदेखि काठमाडौँको माइतीघर मण्डलामा धर्ना दिँदै आएका छन् ।

मन्त्री अधिकारीले बाँझो जग्गा, अव्यवस्थित बसोबास, भूमिहीन सुकुम्बासी, अतिक्रमित तथा हदबन्दी छुट लिएको जग्गालगायत भूमिसँगसम्बन्धी समग्र समस्या समाधान गर्न सबैभन्दा पहिला ऐन बनाउनुपर्ने आवश्यकता औँल्याए । भूमि सुधार ऐन २०२१ लाई परिमार्जन गर्दै नयाँ ऐन ल्याउनका लागि ऐनको ड्राफ्ट भइरहेको उनको भनाइ छ।

सांसद भानुभक्त जोशीले सरकार छिटो परिवर्तन हुने भएकाले भूमि समस्या समाधान आयोगले तीव्र रुपमा काम गर्न नसकेको बताए । उनले खोलाको किनार अतिक्रमण गरेर बसोबास गर्ने परिवारका लागि ठोस समाधानको उपाय खोज्नुपर्ने जनाए । सांसद सूर्यप्रसाद ढकालले भूमिसम्बन्धी समस्यालाई सधैँका लागि समाधान गर्नेगरी सरकारले काम गर्नुपर्नेमा जोड दिए।

# दाङमा राजस्व सङ्कलन वृद्धि

दाङ । आन्तरिक राजस्व कार्यालय तुलसीपुरले चालु आर्थिक वर्षको सात महिनामा रु एक अर्ब ४२ करोड १३ लाख ६७ हजार राजस्व सङ्कलन गरेको छ।

अघिल्लो आर्थिक वर्षको तुलनामा रु २५ करोड ८२ लाख ८१ हजार बढी अर्थात् २२ दशमलव २ प्रतिशतले राजस्व सङ्कलन वृद्धि गरेको राजस्व कार्यालय प्रमुख श्रीधर टन्डनले जानकारी दिए। चालु आवको माघ मसान्तसम्म लक्ष्यको ८२ दशमलव ५० प्रतिशत राजस्व सङ्कलन गरिएको उनको भनाइ छ। कार्यालयले चालु आर्थिक वर्षमा एक अर्ब ७२ करोड ८७ लाख ८५ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको छ।

आन्तरिक राजस्व कार्यालय दाङको कार्यक्षेत्र दाङसहित रोल्पा, रुकुमपूर्व, रुकुम पश्चिम, सल्यान र प्यूठान जिल्ला रहेको छ। सल्यानमा करदाता सेवा कार्यालयसमेत रहेको छ। जसले रुकुम पूर्वी भाग र रुकुम पश्चिममा सेवा प्रदान गर्दै आएको छ। त्यस्तै चकचकेमा रहेको करदाता सेवा कार्यालयले प्यूठान जिल्लामा सेवा प्रवाह गरिरहेको छ। तुलसीपुर कार्यालयमार्फत् दाङका १० स्थानीय तह र रोल्पाका तीन स्थानीय तहमा सेवा प्रवाह गर्दै आएको छ। पटक-पटक छुटको अफर आउँदा पनि कर तिर्न नआउने गरेको प्रमुख टन्डनले बताए। उनका अनुसार फागुन मसान्तसम्म शूल्क, ब्याज र जरिवाना छुट गरिएको थियो।

आयकर ऐन, बमोजिम आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेश गर्नुपर्ने व्यवस्था छ।

# बाँकेका ६९ 'फर्म'कारबाहीमा १० लाख जरिवाना असुल

नेपालगञ्ज । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयले चालू आर्थिक वर्षको आठ महिनामा ६९ वटा व्यावसायिक फर्मलाई कारबाही गरेर रु १० लाख ५० हजार जरिवाना गरेको छ।

सो अवधिमा उक्त कार्यालयका प्रमुख हरिबहादुर खत्रीले इजाजत नलिएको, म्याद गुज्रेका वस्तुको बेचविखन गरेको, मूल्यसूची नराखेकोलगायत कसुरमा ती फर्मलाई कारबाही गरिएको जानकारी दिए । कार्यालयबाट आयात र निर्यातका लागि इजाजत दिने, बजार अनुगमन गर्ने र विद्यालय उपभोक्ता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको छ।

लुम्बिनी प्रदेशका बाँके, बर्दिया, दाङ, प्यूठान, रोल्पा र पूर्वी रुकुम र कर्णाली प्रदेशका सबै जिल्ला गरी १६ जिल्ला कार्यक्षेत्र रहेको कार्यालयले उपभोक्ताको स्वास्थ्यमाथि गम्भीर असर गर्नेगरी उपभोक्ताको अधिकार हनन गर्नेलाई कारवाहीको दायरामा ल्याउन नियामक निकायलाई सुझाव दिएको छ।

उक्त कार्यालयले आर्थिक वर्ष ०७८/०७९ मा ४३, आव ०७९/०८० मा ३५ र आव ०८०/०८१ मा १४० फर्मलाई कारबाही गरेर रु. ३२ लाख ९५ हजार जरिवाना असुल गरेको थियो।

**स्ववियू...**

पुल्चोक इन्जिनियरिङ क्याम्पसको स्ववियुमा स्वतन्त्र उम्मेदवार स्वयं श्रेष्ठ निर्वाचित भएका छन् ।

उनी १ हजा १ सय २ मतसहित विजयी भएको सहायक क्याम्प प्रमुख राम एकवाल यादवले जानकारी दिए।

उनका अनुसार प्रतिद्वन्दी माओवादी निकट विद्यार्थी संगठनका उम्मेदवार रसिक लम्सालले ७१० मत ल्याएका छन् । स्नातक सिभिल इन्जिनियरिङ चौथो वर्षमा अध्ययनरत श्रेष्ठ निर्वाचित भएका हुन् ।

विद्यार्थीको प्रतिनिधि विद्यार्थी हुनुपर्ने दलबाट हुन नहुने भन्दै उनले स्वतन्त्र उम्मेदवारी दिएको थिए। विद्यार्थीको प्रतिनिधि दलको हुनुपर्छ भन्ने भाष्य तोड्नुपर्ने बताएका थिए।

श्रेष्ठ १६ बुँदे योजना बनाएर चुनावी मैदानमा उत्रिएका थिए।

सचिवमा अखिल क्रान्तिकारीका दिवस सापकोटाले १०६४ मत ल्याएर निर्वाचित भएका छन् । कोषाध्यक्षमा नेविसंघका अल्बर्ट ढकालले १०४२ मत ल्याएर निर्वाचित भएका छन्। पुल्चोकमा ३ हजार ८०७ जना मतदाता थिए। यसअघि २०७९ मा भएको चुनावमा एमाले निकट विद्यार्थी संगठन अनेरास्ववियुका विराज अर्यालले चुनाव जितेका थिए।

बाँकेको खजुरास्थित ज्ञानोदय बहुमुखी पब्लिक क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको अध्यक्षमा अनेरास्ववियुका सर्बिन महतो विजयी भएका छन् ।

अनेरास्ववियु र नेविसंघको संयुक्त प्यानलका उम्मेदवार महतोले ११२ मत प्राप्त गरेर विजयी भएको निर्वाचन समितिले जनाएको छ।

यसैगरी सचिवमा सविनकुमार खत्री, कोषाध्यक्षमा ममता कार्की र सदस्यमा कसिस लामा, निरुता रावत, आस्थाकुमारी थारु विजयी भएका छन् ।

अनेरास्ववियु क्रान्तिकारी नेतृत्वको संयुक्त प्यानलका तर्फबाट अध्यक्षका उम्मेदवार मो आसिफ साइले ६४ मत प्राप्त गरेका छन्। निर्वाचन समितिका अनुसार २०१ मतदाता रहेकोमा १७७ मत खसेको थियो।

मोरङको उर्लाबारी बहुमुखी क्याम्पस मोरङ्गको स्ववियु अध्यक्षमा नेविसंघका उम्मेदवार पोषण आचार्य निर्वाचित भएका छन्।

आचार्य सर्वसम्मत रुपमा स्ववियु अध्यक्षमा निर्वाचित भएको निर्वाचन समितिकी संयोजक अम्बिका गौतमले बताइन्।

मोरङको रमाइलो क्याम्पसको स्ववियु सभापतिमा अखिल क्रान्तिकारीका अनीश कार्की विजयी भएका छन्।

मंगलबार भएको निर्वाचनमा कार्की निर्वाचित भएका हुन्।

सिन्धुपाल्चोकको जलबिरे भ्याली क्याम्पसमा अनेरास्ववियु र नेविसंघ गठबन्धनलाई पराजित गर्दै अखिल क्रान्तिकारीको प्यानलै विजयी भएको छ।

क्याम्पसको स्ववियू सभापतिमा क्रान्तिकारीका अशोक ढुंगाना निर्वाचित भएका छन् भने अन्य पदमा क्रान्तिकारीकै प्यानलै विजयी बनेको छ।

सुर्खेतको अमरदीप क्याम्पसको स्ववियू सभापतिमा अनेरास्ववियुका विशाल रावल निर्वाचित भएका छन्।

निर्वाचन अधिकृत लोकप्रसाद ढकालद्वारा जारी नतिजाअनुसार रावलसहित उपाध्यक्षमा सन्ध्या पौडेल, सचिवमा अखिल (क्रान्तिकारी) का तारा नेपाली निर्वाचित भएका छन्।

त्यस्तै, कोषाध्यक्षमा अनेरास्ववियुकी प्रतिमा बीसी, सदस्यहरूमा रन्जनाकुमारी सिजापति, जानकी दाहाल र विमल के.सी. निर्वाचित भएका छन्।

झापाको गौरीगञ्ज बहुमुखी क्याम्पसमा भएको स्ववियु निर्वाचनमा सत्ता साझेदार दलको निकट विद्यार्थी संगठनहरुको गठबन्धन प्यानल विजयी भएको छ।

काठमाडौंको थापाथली क्याम्पसको स्ववियु अध्यक्षमा प्रह्लाद खड्का निर्वाचित भएका छन्।

नेविसंघबाट उम्मेदवार बनेका खड्का क्याम्पसको स्ववियु अध्यक्षमा विजयी भएको क्याम्पस प्रमुख खेम ज्ञवालीले जानकारी दिए।

मकवानपुरको निर्मल बहुमुखी क्याम्पसमा नेकपा एमाले निकट अनेरास्ववियुलेले प्यानल सहित जित हासिल गरेको छ।

संखुवासभाको मादी बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनमा नेकपा एमालेनिकट अनेरास्ववियुको प्यानल निर्वाचित भएको छ।

मंगलबार भएको निर्वाचनको मतगणनाअनुसार ८४ मत पाएर अनेरास्ववियुकी अनु क्षेत्री सभापति निर्वाचित भएकी छन् । नेविसंघका उम्मेदवारले १४ मत पाएका छन्।

**नेपालको...**

८ महिनामा खुद ऋण थप भने २ खर्ब ४१ अर्ब ९३ करोड बराबर भएको छ । यस वर्ष विनिमय दरमा भएको परिवर्तनका कारण अधिक भार थपिएको समेत कार्यालयले उल्लेख गरेको छ। फागुनमा एसडीआरको विनिमय दरमा आएको वृद्धिले सार्वजनिक ऋण ह्वात्तै बढेको कार्यालयको विश्लेषण छ।

सरकारले हरेक वर्ष लिने ठूलो मात्राको ऋण र यसलाई पूँजी निर्माणका क्षेत्रमा खर्च गर्न नसक्नु मुख्य चिन्ताको विषय हो। अर्थ मन्त्रालय स्वयंले यसलाई स्वीकार गरेको छ। ऋणको पासोमा पर्नबाट राज्य बच्ने हो भने आर्थिक गतिविधि बढाइ राजस्व वृद्धिमा ध्यान दिनुको विकल्प नरहेको अर्थविद्हरूको सुझाव छ।

शंकरनगर सा.ब.उ.समिति संग सम्बन्ध प्राप्त

## शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र (वनबाटिका)

शंकरनगर

मितिः २०८१/१२/०६

## चौथो अधिवेशन, निर्वाचिन समितिद्वारा सार्वजनिक निर्वाचन कार्य तालिका

| क्र. सं. | विवरण | मिति | समय |
|---|---|---|---|
| १ | मतदाता नामावली प्रकाशन | २०८१/१२/१० | ११:०० बजे |
| २ | मतदाता नामावलीमा दावी विरोध | २०८१/१२/११ | ११:०० बजे |
| ३ | अन्तिम नामावली प्रकाशन | २०८१/१२/१२ | ११:०० बजे |
| ४ | उम्मेदवारको मनोनयनपत्र दाखिला | २०८१/१२/१५ | १०:० देखि २:०० बजेसम्म |
| ५ | प्रारम्भिक सूची प्रकाशन | २०८१/१२/१५ | ५:०० बजे |
| ६ | मनोनयनपत्रमा छानबिन | २०८१/१२/१६ | ११:०० बजे |
| ७ | दावी विरोध | २०८१/१२/१६ | २:०० वजेसम्म |
| ८ | उम्मेदवारको नामावली प्रकाशन | २०८१/१२/१६ | ४:०० बजे |
| ९ | उम्मेदवारको नामावली फिर्ता | २०८१/१२/१८ | २.०० वजेसम्म |
| १० | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८१/१२/१८ | ५:०० बजे |
| ११ | प्रचार-प्रसार | २०८१/१२/२० | राती १२:०० बजेसम्म |
| १२ | मतदान प्रारम्भ | २०८१/१२/२२ | ८:०० देखि १:० बजेसम्म |
| १३ | मतगणना प्रारम्भ | २०८१/१२/२२ | मतदान सकिएपछि |
| १४ | निर्वाचन परिणामको घोषणा | २०८१/१२/२२ | मतगणना सकिएपछि |
| १५ | निर्वाचित सदस्य तथा पदाधिकारीहरुलाई प्रमाणपत्र दिने | | परिणाम घोषणापछि |
| १६ | सपथ ग्रहण | | प्र.पत्र वितरण सँगै |

मोहन चापागाईं (निर्वाचन संयोजक)

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रा.लि. दर्ता नं. १३७२३१, मा दर्ता भएको साई कृपा चिया प्याकेजिङ् उद्योग प्रा.लि. को मिति २०८१/१०/१७ मा सम्पन्न विशेष साधारण सभा तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१२/०५ को निर्णय अनुसार कम्पनीको सम्पूर्ण दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने गरी उक्त कम्पनीको नाम साई कृपा चिया उद्योग प्रा.लि. (Sai Kripa Chiya Udhyog Pvt. Ltd.) कायम गरिएकोले सोही व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ।

## भूमि सुधार तथा मालपोत कार्यालय भैरहवाबाट जारी भएको नामसारी हकदावी सम्बन्धी ३५ दिने सूचना

जिल्ला रुपन्देही कन्चन गाउँपालिका वडा नं. २ बस्ने जितनको बुहारी दुर्गाभक्त यादवको श्रीमती निर्मला यादवले सिद्धार्थनगर नगरपालिका वडा नं ११ बस्ने तथा मेरो पिता नाता पर्ने केदार यादवको मिति २०६५/०८/०८ मा तथा केदारको एक मात्र पत्नी तथा मेरो आमा रामरती यादवको पनि मिति २०८१/१०/१० गते आ-आफ्नै कालगतिले मृत्यु भएको निज दम्पत्तिबाट म एकमात्र छोरी निर्मला यादवको जायजन्म भएको तथा निजहरुको हेरचाह रेखदेख औषधि उपचार तथा मृत्यु पश्चात जातीय रितिरिवाज परम्परा अनुसार दाहसंस्कार समेत मैले गरेकाले रामरति यादवको नाममा दर्ता कायम रहेको जिल्ला रुपन्देही साविक भुजौली वडा नं. १ ख कि.नं. ५०१ ज.वि. ०-०-४ जग्गाको जग्गा म निवेदक निर्मला यादवको नाममा नामसारी गरी पाउँ भनी मालपोत कार्यालय भैरहवा रुपन्देहीमा माग निवेदन पेश गर्नुभएकोमा माग निवेदन बमोजिम नामसारी गर्दा अन्य कसैको व्यक्तिगत/सार्वजनिक हकदैयामा असर पर्ने तथा नामसारी गर्न नमिल्ने भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफै वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सबैमा अनुरोध छ।

इति सम्बत् २०८१ साल ११ महिना २५ गते रोज १ शुभम्।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

उपमहानगरको ज्यादतीविरुद्ध

# ई–रिक्सा चालक र व्यवसायीले गठन गरे संयुक्त संघर्ष समिति



बुटवल । बुटवल उप-महानगरपालिकाले ई-रिक्साको उचित व्यवस्थापन गर्न नसकेको भन्दै ई-रिक्सा व्यवसायीका ५ वटा संस्था एकजुट भएर संघर्ष समिति गठन गरेका छन् । मंगलबार बुटवलमा वृहत् भेला राखेर पाँच वटा संस्थाले ई-रिक्सा व्यवस्थापन संघर्ष समिति, बुटवल गठन गरेका हुन् ।

समितिमा हरियाली यातायात प्रालि, सत्यवती यातायात प्रालि, स्वतन्त्र ई-रिक्सा तथा अटो टयाम्पो चालक संघ, नेपाल अटो ट्याम्पो तथा ई-रिक्सा चालक संघ र अखिल नेपाल क्रान्तिकारी चालक संघ रहेका छन् ।

भेलाले बुटवलमा ई-रिक्सा भित्रिएको दश वर्ष पुग्दासमेत बुटवल उप-महानगरले उचित व्यवस्थापनको वैज्ञानिक र न्यायोचित समाधान दिन नसकेको बरु व्यवसायी र मजदूरलाई दुःख दिने काम मात्र गरेको भन्दै संघर्ष समिति र सरोकारवाला पक्षसँग छलफलबाट समाधान खोज्न माग गरेको छ । बुटवल उप-महानगरले १ हजार ४४० ई-रिक्साको कोटा तय गरेको छ । १४४० संख्या निर्धारण गर्दा समेत धेरै व्यवसायी दर्ता हुन सकेका छैनन् । पछिल्लो पटक डेढ सय बढी ई-रिक्सा दर्ता गर्दा चालक तथा व्यवसायीका संस्थासँग छलफल नगरी एकलौटी ढंगले अपारदर्शी तरिकाले दर्ता गरिएको संघर्ष समितिको भनाइ छ ।

भेलामा बोल्दै हरियाली यातायात प्रालिका अध्यक्ष कृष्णप्रसाद तिवारीले व्यवसायीसँग सहकार्य नगरी उपमहानगरपालिका अघि बढेको बताए । सत्यवती यातायात प्रालिका संरक्षक ध्यानबहादुर राईले बुटवलमा ई-रिक्सा व्यवसायीहरु संगठित भई आफ्नो अधिकार लिनुपर्नेमा जोड दिए । स्वतन्त्र ई-रिक्सा तथा अटो टयाम्पो चालक संघका अध्यक्ष फूलकुमार चौधरीले व्यवसायीलाई दोहोरो करदेखि जरिवानामा उपमहानगर र ट्राफिक प्रहरीले ज्यादति गरेको बताए । उपमहानगरले झण्डै तीन सय वटा ई-रिक्सा चालकको बिलबुक उप-महानगरपालिकामै राखिदिएको कारण ट्राफिक प्रहरीले सोही बिल बुक नभएको निहुँमा चर्को जरिवाना असुलेर चरम अन्याय र ज्यादती गरेको चौधरीले गुनासो गरे ।

अन्य सहरको तुलनामा बुटवलमा ई-रिक्सालाई हेर्ने नजर गलत र अन्यायपूर्ण रहेको चालकको गुनासो छ । दोहोरो तेहेरो कर असुले पनि रुट परमिट र पार्किङ सुविधा उनीहरुले पाएका छैनन् । चालकको बिल बुक नगरपालिकाले राखेर ५ सय, १ हजार र १५ सय जरिवाना गर्न सकिने नियम विपरित सिधैँ दुई हजार जरिवाना काटेर ई-रिक्सा चालकमाथि ज्यादती गरी विस्थापित गर्न खोजिएको चौधरीको भनाइ छ । बुटवलमा झण्डै ५ हजार रिक्सा सञ्चालनमा रहेको व्यवसायी बताउँछन् ।

# राप्रपाले आन्दोलन अघि बढाउने



बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले राजसंस्था, हिन्दु राष्ट्रको पुनःस्थापना, प्रदेश संरचनाको खारेजीलगायतका राजनीतिक, सामाजिक एवं सुशासन र जनजीविकाका विविध विषयमा काठमाडौं उपत्यकालगायत देशका विभिन्न स्थानमा घोषणा भएका आन्दोलनका कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरेको छ ।

मंगलबार बसेको पार्टीको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले उक्त निर्णय गरेको हो ।

यसअघि पूर्वराजा ज्ञानेन्द्र शाह २५ फागुनमा पोखराबाट काठमाडौं आउने भएपछि तय भएका कार्यक्रमहरू स्थगित गरिएका थिए । उक्त कार्यक्रम पुनः अघि बढाउने निर्णय भएको प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिए ।

त्यस्तै, राप्रपाको नेतृत्वमा हुने आन्दोलनको कार्यक्रमहरू तय गर्न आगामी चैत १२ गते आन्दोलन परिचालन मूल समितिको बैठक बस्ने निर्णय भएको पनि उनले बताए ।

# स्याङ्जामा एसईई परीक्षाको तयारी पूरा



**श्रीकृष्ण सिग्देल**

*स्याङ्जा*

माध्यमिकतहका विद्यार्थीहरुको अन्तिम परीक्षा एसईई चैत्र ७ गते बिहीबारबाट देशभर सञ्चालन हुँदैछ । चैत्र ७ गतेदेखि १९ गतेसम्म सञ्चालन हुने एसईई परीक्षाका लागि स्याङ्जामा तयारी पूरा भएको शिक्षा विकास तथा समन्वय इकाई कार्यालयले जनाएको छ । एसईई परीक्षा २०८१ को तयारीका लागि शिक्षा विकास तथा समन्वय इकाई कार्यालय स्याङ्जाका प्रमुख विश्वराज आचार्यले तयारी पूरा भएको जानकारी दिए ।

एसईई परीक्षाका लागि स्याङ्जामा २५ ओटा विद्यालयलाई परीक्षा केन्द्र तोकिएको छ । १ सय ७२ माध्यमिक विद्यालयका विद्यार्थीहरु एसईई परीक्षामा सम्मिलित हुने कार्यालयले जनाएको छ । १३७ सामुदायिक (धार्मिक–३, प्राविधिक–६) र संस्थागत ३५ विद्यालयका विद्यार्थीहरुको परीक्षामा सहभागिता रहनेछ । नियमिततर्फ ३ हजार ५ सय ९८, नियमित प्राविधिकतर्फ १३४, ग्रेड वृद्धि साधरणतर्फ १ हजार २ सय १० र ग्रेड वृद्धि प्राविधिकतर्फ ५० जना गरी यो वर्ष स्याङ्जाबाट ४ हजार ९ सय ९२ विद्यार्थीले एसईई परीक्षा दिने कार्यालय प्रमुख आचार्यले बताए । जसमा २४२३ छात्रा र २५६९ छात्र रहेका छन् ।

परीक्षाका लागि २५ केन्द्राध्यक्ष, सहायक केन्द्राध्याक्ष ४५, निरीक्षक २६५, परीक्षा सहायक ६२, कार्यालय सहयोगी ११०, सुरक्षाकर्मी ३७५ गरी ८८२ जना जनशक्ति खटिने प्रमुख आचार्यले बताए । परीक्षालाई मर्यादित र शान्तिपूर्ण सम्पन्न गर्न खटिएका कर्मचारीहरुलाई निर्देशन दिएको र यो कार्यमा सहयोग गर्न जिल्लावासी सबैमा अनुरोध समेत गरिएको आचार्यले जानकारी दिए ।

परीक्षामा खटिने केन्द्राध्यक्षलाई अभिमुखीकरण तालिम प्रदान गरेर पठाएका छौं,' उनले भने-'तालिम सकेर गएका केन्द्राध्यक्ष बुधबारबाट परीक्षा केन्द्रमा पुग्ने छन्, केन्द्राध्यक्षले परीक्षा केन्द्रस्थलका अभिभावक, समाजसेवी, राजनीतिकदल, जनप्रतिनिधिलगायत सबैसँग सल्लाह सुझाव लिएर परीक्षालाई मर्यादित बनाउन लाग्नेछन् ।' चैत्र ७ गतेदेखि १९ गतेसम्म सञ्चालन हुने एसईई परीक्षामा साधरणधारको १५ गतेसम्म, प्राविधिकधारको १७ गतेसम्म र ग्रेडवृद्धि धारको चैत्र १९ गतेसम्म परीक्षा सञ्चालन हुनेछ । प्रश्नपत्र सबै प्रहरी इकाईहरुमा पठाइसकिएको समन्वय इकाईले जनाएको छ ।

# सर्वदलीय सरकारको छलफल भएको छैन : कांग्रेस



बुटवल । सत्तारुढ दल नेपाली कांग्रेसले अहिले सर्वदलीय सरकार बनाउने विषयमा कुनै छलफल अघि नबढेको स्पष्ट पारेको छ ।

मंगलबार पार्टी सभापति शेरबहादुर देउवा निवास बूढानीलकण्ठमा बसेको पदाधिकारी र पूर्वपदाधिकारीको बैठकपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै प्रवक्ता डा. प्रकाशशरण महतले यसबारे जानकारी गराएका हुन् ।

नेकपा माओवादी केन्द्रलगायतका विपक्षी दलहरू पनि अहिलेकै संविधानको रक्षाका पक्षमा रहेको भन्दै सत्तामा आउनेबारे कुनै छलफल नभएको उनले बताए । 'अहिले विपक्षमा रहेका माओवादीलगायतका दलहरू पनि अहिलेकै संविधानको रक्षाका पक्षमा छन् । जुन गणतान्त्रिक व्यवस्था संविधानले व्यवस्था गरेको पक्षमा छन्,' महतले भने-'सरकारमा आएपछि यो पक्ष बलियो हुने र नआउँदा कमजोर हुने भन्ने छैन । यो इस्यूमा सबै एकै ठाउँमा छन् ।'

# दशौं राष्ट्रिय खेलकुदको लोगो र मस्कट सार्वजनिक



बुटवल । कर्णाली प्रदेशमा हुने दशौँ राष्ट्रिय खेलकुदको लोगो र मस्कट सार्वजनिक गरिएको छ । मंगलबार युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले र राखेपका उपाध्यक्ष ध्रुव आचार्यले संयुक्त रुपमा लोगो र मस्कट सार्वजनिक गरेका हुन् ।

मस्कटमा रेड पाण्डा राखिएको छ भने लोगोमा ७ रङ, चन्द्र र सूर्य राखिएको छ ।

लोगो र मस्कट दुवै विकास तमकुजुले बनाएका हुन् । अध्यक्षतामा बिहीबार बसेको १२१ औं बोर्ड बैठकले दसौं राष्ट्रिय खेलकुद २०८२ साल जेठ ३ देखि १० गतेसम्म गर्ने निर्णय गरेको थियो ।

पीएम कप क्रिकेटः

# बागमती र कर्णाली प्रदेश विजयी



भैरहवा । प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा मंगलबार भएका दुई खेलमा बागमती र कर्णाली प्रदेश विजयी भएका छन् ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा बागमतीले गण्डकी प्रदेशलाई ६९ रनले हरायो । टस हारेर ब्याटिङको निम्तो पाएको बागमतीले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २ सय ८८ रनको बलियो योगफल बनाएको थियो । बागमतीका ओपनर इशान पाण्डेले सर्वाधिक ६९ रन जोडे । उनले ८२ बलमा ६ चौका प्रहार गरे ।

यस्तै, विपिन आचार्यले अविजित ६३, शुभ कंसाकारले ५२, विवेक रानाले ३४ र रिजन ढकालले नटआउट २३ को योगदान गरे । गण्डकी लागि अर्जुन कुमालले ४ तथा विपिन खत्री र सुवास भण्डारीले समान २-२ विकेट लिए ।

२ सय ८९ रनको लक्ष्य पछ्याएको गण्डकी ४४ ओभरमा २ सय १९ रनमा अलआउट भयो । उसका लागि वंश क्षेत्रीले सर्वाधिक ५५ रन जोडे । यस्तै, ओपनर समिर कंडेलले २६, अमृत गुरुङले २० तथा कमल परियार र दीपक डुम्रे समान १९ रन जोड्दा सुवास भण्डारीले १८ रन बनाए । बागमतीका लागि ब्याटिङमा अर्धशतक प्रहार तथा प्लेयर अफ द म्याच भएका इशान पाण्डेले ४ विकेट लिए । यस्तै, साकार गजुरेलले २ तथा सूर्य तामाङ, रिजन ढकाल र गौतम केसीले समान १-१ विकेट लिए ।

यता रुपन्देहीको तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा भएको खेलमा कर्णाली प्रदेशले कोशी प्रदेशमाथि १ सय २७ रनको फराकिलो जित हासिल गर्यो । टस जितेर ब्याटिङ गरेको कर्णालीले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर २ सय १८ रनको योगफल बनाएको थियो ।

कर्णालीका अर्जुन घर्तीले नटआउट रहँदै सर्वाधिक ८८ रन बनाए । उनले ९५ बलको सामना गर्दै ११ चौका र २ छक्का प्रहार गरे । हिमांशु शाहीले ४६, प्रकाश जैसी १८, सुनिल धमलाले १३ तथा निश्चल रावलले १२ रन बनाए ।

कोशीका विपिन महतोले ३, दिपेश कंडेल र प्रकाश कार्कीले समान २-२ तथा सुजन थपलिया र श्रवण किस्कुले १-१ विकेट लिए । २ सय १९ रनको लक्ष्य पछ्याएको कोशी ३५ ओभरमा ९१ रन बनाउँदा अलआउट भयो । कोशीका ओपनर चिराग साहले सर्वाधिक २५ रन जोडे । सकिब हक १३ र कप्तान अंकित सुवेदी १० रनमा आउट भए ।

कोशीका अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् । कर्णालीका सुनिल धमला र दीपेन्द्र रावतले समान ३-३, कप्तान दिवान पुनले २ तथा अनुज चुनाराले १ विकेट लिए ।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

डढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं ।
-सुख्खा मौसममा डढेलो लाग्न सक्छ ।
-डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पर्न सक्छ,
त्यसैले डढेलोबाट जोगिन:
-वन क्षेत्रमा आगो नबालौं ।
-सुख्खा घाँसजस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौं ।
-चुरोट,बीडी आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं ।
-डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं ।
-डढेलो विरुद्ध सुमदायस्तमा सचेतना फैलाऔं ।
-वन संरक्षणमा योगदान दिऔं ।
लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com